# खत्याड गाउँपालिका

# स्थानीय राजपत्र

## खत्याड गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ८** **संख्याः १२** **मितिः २०८२।१२।२७**

## भाग-२

## खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँ कार्यपालिकाको १११ औ बैठकले *" टिमुर खेती प्रवर्द्धन विशेष अनुदान कार्यविधि, २०८२ "* स्वीकृत गरेको छ ।

आज्ञाले,
नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत

खत्याड गाउँपालिका, मुगु

# टिमुर खेती प्रवर्द्धन विशेष अनुदान कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः-२०८२/१२/२६

## प्रस्तावना

स्थानिय कृषि उत्पादन वृद्धि आयआर्जनको अवसर सिर्जना तथा जडिबुटीजन्य नगदे वालिको व्यवसायिक विकास गर्ने उद्देश्यले खत्याड गाउँपालिकाले टिमुर खेती प्रवर्द्धनका लागी विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम यो टिमुर खेती प्रवर्द्धन विशेष अनुदान कार्यविधि २०८२ तयार गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधि नाम "टिमुर खेती प्रवर्द्धन विशेष अनुदान कार्यविधि  २०८२" रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि,

(क) "गाउँपालिका" भन्नाले खत्याड गाउँपालिकासम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले खत्याड गाँउकार्यपालिकाको कार्यालय लाई सम्झनु पर्दछ।

(ग) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम कार्यान्वयन हुने व्यवसायिक टीमुर खेति प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ।

(घ) "टिमुर" भन्नाले जडिबुटीजन्य बाली सम्झनु पर्छ।

(घ) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने नगद वा वस्तुगत सहायता सम्झनु पर्छ।

(घ) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनोट भएका कृषक,कृषक समुह,सहकारी वा उद्यमी सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य र कार्यक्षेत्र

खत्याड गाउँपालिका, मुगु

**३. <u>उद्देश्यः</u>** कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) टिमुर खेतीलाई व्यवसायिक रुपमा विस्तार गर्नु।

(ख) कृषकको आयआर्जन बढाई आर्थिक सशक्तिकरण गर्नु।

(ग) जडिबुटीजन्य बालीको संरक्षण,उत्पादन र बजारिकरण प्रवर्द्धन गर्नु।

(घ) स्थानिय रोजगारी सिर्जना गर्नु।

**४. <u>कार्यक्षेत्रः</u>** यो कार्यविधि खत्याड गाउँपालिकाभित्र टीमुर खेती गर्ने वा ईच्छुक कृषक समुह तथा सहकारीहरुमा लागु हुनेछ।

**५. <u>अनुदान रकमको सिमा र खर्च प्रक्रियाः</u>** (१)खत्याड गउँपालिकाले संघिय सरकारबाट विशेष अनुदान स्वरुप प्राप्त व्यवसायिक टिमुर खेति प्रवर्द्धन कार्यक्रमको अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ।

(२) विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना वा कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(३) माथि अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी उत्पादन तथा उत्पादकत्व बृद्धि,आयआर्जन तथा जिविकोपार्जन सुधार सम्वन्धी कार्यक्रम कार्यान्वयनको लागि प्रचलित ऐन,कानुन तथा वजेट सिमाको परिधिभित्र रहनेगरी कृषक समुह (महिला समुह,मिश्रित समुह) कृषि सहकारी जस्ता सामाजिक परिचालनको माध्यमबाट गठन भइ स्थानिय तहमा सुचिकृत सामुदायिक संस्था मार्फत कार्यक्रम संचालन गर्न सकिनेछ।

(४) कोष तथा लेखा नियन्त्रण कार्यालयबाट पुँजिगत प्रकृतिको विशेष अनुदान निकासा माग गर्दा आयोजना वा कार्यक्रमको खरिद योजना,खरिद सम्झौता र कार्यप्रगती विवरण पेश गर्नुपर्नेछ।

(५) यस गाउँपालिकाले विशेष अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रर्णाली अपनाइ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व र सार्वजनिक खरिद सम्वन्धी प्रचलित कानुनको अधिनमा रही मितव्ययी तथा पारदर्शी किसिमले विधुतिय भुक्तानी प्रर्णाली मार्फत भुक्तानी गर्नुपर्नेछ।

(६) यसरी भएको खर्चको प्रचलित कानुन बमोजिम आन्तरिक र अन्तिम लेखा परिक्षण गराउने दायित्व यस कार्यालयको हुनेछ।

**यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकमको सिमा देहाय बमोजिम हुनेछ।**

(क) सार्वजनिक निकाय वा क्षेत्र भित्र कृषि पुर्वाधार निर्माणको हकमा शत (१००) प्रतिशत हुनेछ।

(ख) कृषक समुह/सहकारीहरुको लागी कृषि पुर्वाधारको निर्माण, तथा सुदृढिकरणको हकमा पचास (५०) प्रतिशत हुनेछ।

(ग) घेरावारको हकमा समुहगत रुपमा आवद्ध भइ १००० बोट भन्दा माथी टिमुर लगाउने कृषकलाइ घेराबारको सुविधा उपलब्ध गराइने छ।

(घ) कृषि उत्पादन, प्राङ्गारीक मल तथा विरुवाको हकमा अनुदानको सिमा शत (१००) प्रतिशत हुनेछ ।

(ङ) कृषि मेशिनरी तथा औजार उपकरणको हकमा अनुदानको सिमा पचास (५०) प्रतिशत हुनेछ।

## ६. <u>तालिम,भ्रमण,गोष्ठी,अनुगमन लगायतका प्राविधिक तथा प्रशासनिक क्रियाकलाप संचालन गर्न सकिनेः</u>

१) सार्वजनिक निकायबाट लाभग्राहिलाइ प्राविधिक ज्ञान र सिप प्रदान गर्न कार्यालयले तोकिएको कार्यक्रमसंग सम्वन्धित बालि संरक्षण,माटो सुधार,तालिम,भ्रमण,प्रविधि प्रसार कार्यक्रम र अनुगमन तथा मुल्याङ्कन लगायतका प्राविधिक तथा प्रशासनिक क्रियाकलाप प्रचलित कानुन र खर्च मापदण्डको अधिनमा रही सञ्चालन गर्न सकिनेछ।

२) उपदफा (१) बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा तोकिएको कार्यक्रममा विनियोजित कुल बजेटको बढिमा ५ प्रतिशत सम्म खर्च गर्न सकिनेछ।

## ७. <u>कार्यक्रम कार्यान्वयन सहजिकरण समितिः</u>

१- यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनमा सहजिकरण गर्न प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा ३ तिन सदस्यीय कार्यक्रम कार्यान्वयन सहजिकरण समिति गठन गर्न सकिनेछ। सो समितिको सदस्य-सचिवको जिम्मेवारी कृषि विकास शाखा प्रमुखको हुनेछ।

२. उपदफा (१) बमोजिमको समान प्रकृतिको समिति वा उपसमिति भएमा सोही समिति वा उपसमितिले उक्त कार्य गर्न सक्नेछ।

३. समितिको बैठक आवश्यक्ता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

४. यस कार्यविधिको अधिनमा रही समितिको कार्यविवरण देहाय अनुसारको हुनेछ।

क) तोकिएको कार्यक्रम सञ्चालनका लागि बैठक आयोजना,उपयुक्त कार्यक्षेत्र र क्रियाकलाप पहिचान, बजेट विस्तृतिकरण, सुचना प्रकाशन, आवेदन संकलन र लाभग्राही सुची तयारी सम्वन्धी पुर्वतयारीका कार्य गर्ने।

ख) प्रस्ताव आह्वान पुर्व नै मुल्याङ्कन तथा छनौटका आधारहरु निर्धारण गर्ने।

ग) रितपुर्वक प्राप्त प्रस्तावको मुल्याङ्कन गरी लाभग्राही छनोट एवम् सिफारिस गर्ने।

घ) छनोट भएका लाभग्राहीलाइ उपलब्ध गराइने अनुदान रकम यकिन गरी सम्झौता सम्वन्धी पुर्व तयारीका कार्य गर्ने।

ङ) संचालित कार्यक्रमको अनुगमन,मुल्याङ्कन, प्रमाणिकरण तथा भुक्तानी सिफारिस गर्ने।

च) कार्यक्रम संचालन क्रममा आइपरेका समस्याको समाधान गर्ने।

**८. <u>प्रस्ताव आह्वान तथा माग सङ्कलनः</u>**

१. यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन ईच्छुक लक्षित बर्गबाट प्रस्ताव मागका लागी अनुसुची-१ बमोजिमको ढाँचामा कम्तीमा २१ (एक्काइस) दिनको समयसिमा तोकी सार्वजनिक सुचना प्रकाशन गर्नुपर्नेछ।यसरी सुचना प्रकाशन गर्दा लाभग्राही छनौट सम्वन्धी मापदण्डको बारेमा समेत सुसुचित गर्नु पर्नेछ।

२. उपदफा (१) बमोजिमको प्रस्ताव मागको सुचना सम्बन्धित कार्यालय र वडा कार्यालयको सुचना पाटीमा टाँस गर्ने, वेबसाईटमा राख्ने र आवश्यक्ता अनुसार एफ.एम. रेडियो वा स्थानिय पत्रिकामा समेत सार्वजनिक गर्न सकिनेछ।

३. यस कार्यविधि बमोजिमको कार्यक्रममा तोकिएको मापदण्ड/आधारभुत/प्रासाङ्गिक पक्ष पुरा गर्ने गरी ईच्छुक निवेदकले अनुसुची- २ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा आवेदन दिनुपर्नेछ।

४. सम्वन्धित कार्यालयले रितपुर्वक प्राप्त आवेदनका आधारमा ईच्छुक लाभग्राहिको सुची तयार गर्नु पर्नेछ।

**९. <u>लाभग्राही छनौटः</u>**

१. रितपुर्वक प्राप्त प्रस्तावको मुल्याङ्कन तथा छनौटका लागी दफा ७ बमोजिमको समितिले तय गरेको प्रस्ताव मुल्याङ्कन तथा छनौटका आधारको अधिनमा रही मुल्याङ्कन तथा छनौट कार्य गरी सम्झौताका लागि कार्यालयसमक्ष सिफारिस गर्नु पर्नेछ।

२. प्रस्ताव छनौट गर्नु पुर्व आवश्यक्ता अनुसार स्थलगत अनुगमन तथा प्रमाणिकरण गर्न सकिनेछ।

३. लाभग्राही छनौट गर्दा विगतमा अनुदान प्राप्त नगरेका लाभग्राहिलाई प्राथमिकता दिनुपर्नेछ।

**१०. <u>सम्झौता गर्नुपर्नेः</u>**

१. दफा ९ बमोजिम छनौट भएका प्रस्तावको कार्यान्वयनका लागी यस गाउँपालिकाको पुर्वाधार शाखाको फिल्ड सर्भे तथा अनुमानित लागत स्टीमेटको आधारमा सम्वन्धित आवेदकसँग कार्यालयले अनुसुची-३ बमोजिमको ढाँचामा द्धिपक्षीय सम्झौता गर्नु पर्नेछ। सम्झौता बमोजिम कार्य सम्पादन गर्नु लाभग्राहिको दायित्व हुनेछ।

**११. <u>अनुदान प्रवाह तथा भुक्तानीः</u>**

१. विशेष अनुदान कार्यक्रम अन्तर्गतको क्रियाकलाप सँचालन गर्दा अनुदानग्राहिलाइ प्रदान गरिने सेवा सुविधा सम्वन्धी व्यवस्था दफा ५ बमोजिम हुनेछ।

२. दफा १० बमोजिम सम्झौता गरी कार्यक्रम सँचालन गरेका लाभग्राहिले भुक्तानिका लागि तोकिएको समयभित्र कार्यालयसमक्ष निबेदन पेश गर्नुपर्नेछ। सम्वन्धित कार्यालयले प्राप्त निवेदनको चेकजाँच तथा स्थलगत अनुगमन गरी प्राप्त कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रचलित कानुन अनुसार अनुदान रकम लाभग्राहिको बैङ्क खातामा भुक्तानी गर्नु पर्नेछ।

३. उपदफा २ बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहिको नामावली सम्वन्धित कार्यालयले सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद-३

## <u>कार्यक्रम सञ्चालन गर्न सकिने क्रियाकलाप, न्युनतम मापदण्ड तथा प्राविधिक विषय</u>

**१२. व्यावसायिक टिमुर खेती प्रवर्द्धन कार्यक्रम**

१. टिमुरको क्षेत्र विस्तार, बाँझो जगगाको सदुपयोग र आन्तरिक टिमुर उत्पादन बृद्धि गर्न स्थानिय सम्भाव्यता तथा मागका आधारमा खत्याड गाउँपालिकामा व्यावसायिक टिमुर खेती प्रवर्द्धनका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

२. उपदफा १ बमोजिमको कार्यक्रमको लक्षित समुहमा कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी र कृषि सँग सम्बन्धित समितिहरु हुनेछन्।

३. यस कार्यक्रम अन्तर्गतको बगैचा स्थापना/क्षेत्रफल विस्तार क्रियाकलाप निम्न बमोजिम हुनेछन् ।

क) बगैचा रेखाङ्कन गर्ने, बिरुवा रोप्न खाडल खन्ने ज्यामी ज्याला।

ख) टिमुरको बिरुवा खरिद।

ग) घेरबार तथा सिँचाइ पुर्वाधार निर्माण र व्यवस्थापन (सिँचाइ पाइप,पोखरी निर्माण,थोपा सिँचाइ र तारबार सहितको घेरबार)

घ) प्राङ्गारिक मल तथा सुक्ष्म खाद्यतत्व व्यवस्थापन।

ङ) टिमुर खेतिका लागी आवश्यक औजार उपकरण खरिद।

४. उपदफा १ बमोजिमको कार्यक्रमका न्युनतम शर्त/मापदण्ड बिषय निम्न बमोजिम हुनेछन्।

क) यस कार्रयक्रम अन्तर्गत प्राविधिक हिसावले उपयुक्त, व्यावसायिक सम्भावना भएका स्थानहरुमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

ख) व्यावसायिक टिमुर खेती विस्तारका लागि कृषक समुह/ सहकारीहरुले कम्तिमा ६० रोपनी अथवा (२००० बोट) क्षेत्रफलमा टिमुर बगैचा स्थापना गर्ने कृषक समुह / सहकारीहरुलाइ बिरुवा खरिद लगाएत बगैचा रेखाङ्कन खाडल खन्ने ज्यामी ज्याला कृषि औजार उपकरण प्राङ्गारिक मल तथा सिँचाइ ब्यवस्थापन आदिमा अनुदान उपलब्ध गराउन सकिनेछ।

ग) सम्बन्धित टिमुर विशेषका नर्सरी स्थापना तथा सुदृढीकरण कार्य सञ्चालन गर्न सकिनेछ।

घ) टिमुर बगैचा स्थापना गर्ने कृषक समुह / सहकारीहरुलाइ टिमुर खेती सम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ।

ङ) यस कार्यक्रमको उद्देश्य टिमुर खेतिको क्षेत्रफल विस्तार गर्ने रहेकाले विनियोजित बजेटको कम्तिमा ३० प्रतिशत बजेट टिमुरको क्षेत्र विस्तारसँग सम्वन्धित क्रियाकलापका लागी खर्च गर्नुपर्नेछ।

च) कार्यक्रम सञ्चालनका लागि आवश्यक बिरुवा शुद्ध जातिय गुण भएको स्वस्थ र आधिकारिक श्रोतबाट लिएको हुनु पर्नेछ।

छ) व्यावसायिक टिमुर खेतीमा प्रयोग हुने बिरुवाको न्युनतम शर्त/मापदण्ड अनुसुची-४ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ।

## परिच्छेद-४

## विविध

**१३. प्रचलित कानुन बमोजिम हुनेः**

१. यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्वन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानुन बमोजिम हुनेछ।

**१४. दोहोरो सुविधा लिन नहुनेः**

१. अनुदानग्राहिले एउटै कामको लागि संघ प्रदेश वा स्थानिय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सकिने छैन।

तर अन्य साझेदार निकायसँग स्पस्टसँग सम्झौता भइ लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अबस्थामा अनुदान प्रदान गर्न वाधा पर्ने छैन।

२. अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरुलाइ प्राथमिकता दिनु पर्नेछ।

**१५. जिम्मेवारी सम्वन्धीः**

१. अनुदान लगाएतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्वन्धी वित्तिय जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृतको हुनेछ।

२. कुनै विशेष कारणवश वा काबु बाहिरको परिस्थिति वाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पुरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ।

**१६. सम्झौता बमोजिम हुनेः**

१. यस कार्यविधि अनुरुप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पुर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिने छ र कार्यक्रम सञ्चालन गर्ने निकायको पुर्व स्वीकृति बेगर तोकिएको अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन बिक्री वितरण कार्य गर्न पाइने छैन।

**१७. गुनासो ब्यवस्थापनः**

१. अनुदानग्राहिको अनुदान प्राप्तिका सम्वन्धमा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने सम्बन्धित कृषि विकास शाखामा निबेदन दिन सक्नेछ।

१८. **आयोजना वा कार्यक्रम हेरफेर गर्न नहुनेः** विशेष अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनोट भएको आयोजना वा कार्यक्रमको लागि बजेट विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न,नाम,क्रियाकलाप,आयोजना स्थल परिवर्तन गर्न वा कार्यान्वयन अवधि स्वीकृत भएको अवधिभन्दा बढी हुने गरी बढाउन पाइने छैन।

१९. **रकम सङ्घिय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेः** यस गाउँपालिकामा भएको विशेष अनुदानको वित्तिय हस्तान्तरण रकम सम्वन्धित आर्थिक बर्ष भित्र खर्च नभइ जुनसुकै खातामा बाँकी रहन गएमा त्यस्तो रकम यस गाउँपालिकाले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम संघिय सिञ्चित कोषमा फिर्ता गर्नुपर्नेछ।

१९. **व्याख्या र बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आइपरेमा वा संशोधन गर्नुपरेमा गाउँपालिकाले आवश्यक निर्णय गरी व्याख्या गर्न वा बाधा अड्काउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

ख्रत्याड गाउँपालिका, मुगु

## अनुसुची-१

(दफा ८ को उपदफा (१) सँग सम्वन्धित)

**<u>..........................कार्यक्रमका लागि प्रस्ताव आह्वानको सुचना (नमुना)</u>**

यस.....................................................को आर्थिक वर्ष ................ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ...... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा......................इच्छुक कृषक समुह/कृषि सहकारी सँस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ।यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ........... दिनभित्र ................. कार्यालयमा तपशिल अनुसारका कागजातहरु सँलग्न राखि आवेदन सहित प्रस्ताव आह्वान गरिएको छ।यस सम्वन्धी थप जानकारीका लागि वेवसाइट....................................... वा फोन नं. ....................... मा सम्पर्क गर्न सकिनेछ।

आवश्यक कागजातहरुः

१. सँस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
२. टिमुर ब्यावसाय गर्ने अनुसुची अनुसारको प्रस्ताव (व्यावसायिक उत्पादनको हकमा)
३. गत आ.ब. को संस्थाको लेखा परिक्षण भएको प्रतिबेदन प्रतिलिपि।
४. गत आ.ब. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
६. प्रतिबद्धता पत्र।
७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु।

**अनुसुची-२**

(दफा ८ को उपदफा (३) सँग सम्वन्धित)

**<u>अनुदानको लागि पेश गर्ने निबेदनको ढाँचा (नमुना)</u>**

मितिः

**बिषयः अनुदान उपलब्ध गराइदिनुहुन।**

श्रीमान ....................
...............कार्यालय
.............. मुगु

महोदय,

तहाँ कार्यालयबाट मिति..................मा प्रकाशित सुचना अनुसार सञ्चालन हुन लागेको .....................कार्यक्रमको उद्देश्य लागत समयावधि लाभान्वित जनसँख्या लगाएतको विवरण तपशिलमा उल्लेख गरिएको छ।कार्यक्रम सञ्चालन गर्न आर्थिक/बस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु/गर्दछौं।

**<u>तपशिल</u>**

अनुदानग्राहीको नामः
ठेगानाः
स्थानिय तह/प्रदेशः
वडा नं.
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
अनुदान रकम आवश्यक पर्नुको कारणः
सञ्चालन गरिने कार्यक्रमः
कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल लागतः
कार्यक्रम सम्पन्न हुन लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

**<u>निवेदक</u>**

कृषक समुह/कृषि सहकारी/कृषि फर्म/उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
सम्पर्क नः
मितिः
संस्थाको छापः

खत्याड गाउँपालिका, मुगु

**अनुसुची-३**

दफा १० सँग सम्बन्धित

**<u>सम्झौताको ढाँचा (नमुना)</u>**

यो सम्झौता पत्र.............खत्याड गाउँपालिका (यस पछि पहिलो पक्ष भनिएको) र ..............कृषि फार्म/उद्यमी कृषक...................गा.पा. ............वडा नं......... टोल (यस पछि दोस्रो पक्ष भनिएको) बिच तपशिलको शर्त वमोजिमको कुराहरुलाइ पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

यो सम्झौता, सम्झौता भएको मिति ............. देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरि मिति .....साल.......महिना......गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

१. यो सम्झौता बमोजिमको ..........कार्यक्रम सञ्चालन सम्बन्धी सम्पुर्ण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

२. सम्झौता बमोजिमको कार्यसञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु ...... अक्षरुपि रु .......... र दोस्रो पक्षको लागत सहभागिता रु ....... अक्षरुपी रु ....... व्यहोरिने छ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको ...........कार्यक्रम अन्तर्गत ....................व्यावसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समाबेश गरिएको स्रोत वाहेक अन्य कुनै सरकारी संघ संस्थावाट सहयोग अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाइ जानकारी गराउनु पर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटीएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

५. दोस्रो पक्षले .............कार्यक्रम अन्तर्गत ............व्यावसाय सञ्चालन सम्वन्धी कार्यको सार्वजनिक जानकारीका लागि पव्लिक अडिट गराउनुपर्नेछ।

६. प्रथम पक्षले दोस्रो पक्षलाइ भुक्तानी दिँदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात प्रथम पक्षले गरेको स्थलगत निरिक्षण/अनुगमन र सिफारिस बमोजिम अनिबार्य रुपमा अनुदानग्राही/दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ।

७. दोस्रो पक्षको लापरबाहीको कारणबाट कापर्य सम्पन्न नभइ हानी नोक्सानी भएमा त्यसको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

८. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजम ........... मिति सम्म यो सम्झौता वमोजिमको सम्पुर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पुर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

९. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै बिबाद आएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ।

१०. कार्यविधिको खण्डबाट सम्झौतामा अनिबार्य उल्लेख हुनुपर्ने विषयहरु

११. भुक्तानी हुने खाता नः

नामः

१२. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| **<u>पहिलो पक्ष</u>** | **<u>दोस्रो पक्ष</u>** |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

**<u>रोहबर</u>**

| | |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

मिति २०८२ ............महिना ..........गते

खत्याड गाउँपालिका, मुगु

## अनुसुची - ४

(दफा १२ को उपदफा (४) को (छ) सँग सम्बन्धित)

**टिमुर विरुवाको गुणस्तर मापदण्ड**

### (क) नर्सरीबाट बिक्री गरिने टिमुर विरुवाको गुणस्तर मापदण्ड

१ उन्नत जातको विरुवालाइ प्राथमिकता दिनुपर्ने र जातिय शुद्धता भएको विरुवा हुनु पर्नेछ।

२ रोग/किराको प्रकोप नभएको स्वस्थ विरुवा हुनुपर्ने ।

**विरुवाको उमेर र न्युनतम उचाइ निम्न बमोजिम हुनुपर्नेः-**

| क्र.स. | विरुवाको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १ | टिमुर | १-३ | १-२ |
| | | | |

खत्याड गाउँपालिका, मुगु